नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रेस विज्ञप्ति

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च.नं.: -

आज मिति २०७८/०३/०९ गते श्रीमान् मुख्य सचिवको अध्यक्षतामा भर्चुअल माध्यमबाट सचिव बैठक सम्पन्न भएको छ। उक्त बैठकमा पछिल्लो सचिव बैठकबाट भएका निर्णयको समीक्षा पश्चात् डिजिटल नेपाल फ्रेमवर्कको कार्यान्वयनको सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रस्तुति र सरकारी तथ्याङ्कको सुरक्षा, संवेदनशीलता, सरकारी कामकाजमा पेनड्राइभको उपयोग र इमेलको सुरक्षा लगायतका बिषयमा राष्ट्रिय अनुसन्धान विभागको अध्ययन प्रस्तुति रहेको थियो।

संचार तथा सूचना प्रविधि मन्त्रालयको प्रस्तुतिमा डिजिटल नेपाल फ्रेमवर्कका क्षेत्र, पहल, हालसम्मको प्रगति, चुनौति र सूचना प्रविधि सम्बन्धी अन्य परियोजनाहरूको बिषयलाई समेटिएको थियो। राष्ट्रिय अनुसन्धान विभागको अध्ययन प्रस्तुतिमा साइवर सुरक्षा चुनौतिको अन्तर्राष्ट्रिय प्रवृत्ति, नेपालको सरकारी डिजिटल सूचना प्रणालीमा साइवर सुरक्षाको अवस्था, सम्भावित साइवर चुनौति र साइवर हमलाको जोखिम न्यूनीकरणका लागि सरकारी कार्यालयमा तत्काल चाल्नुपर्ने कदमहरू लगायतका विषय समेटिएका थिए। बैठकमा श्रीमान् सचिवहरूले प्रस्तुतिमा विशेषगरी विद्युतीय शासनलाई सुरक्षित र दिगो बनाउँदै सरकारी सूचनाको सुरक्षा गर्नुपर्नेमा बिशेष जोड दिनुभएको थियो।

श्रीमान् मुख्य सचिवले सूचना प्रविधिको प्रयोग र सुरक्षालाई समेत मध्येनजर गरेर यसमा प्रयोग हुने हार्डवेयर र सफ्टवेयर खरिद सम्बन्धी मापदण्ड र तरिकाका सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, राष्ट्रिय योजना आयोग र सार्वजनिक खरिद अनुगमन कार्यालय समेत सम्मिलित कार्यदल बनाई दुई हप्तामा प्रतिवेदन तयार गर्ने निर्देशन दिनुभएको छ। साथै, उक्त प्रतिवेदन उपर आगामी बैठकमा छलफल गरिने समेत निर्देशन भएको छ।

बैठकका क्रममा श्रीमान् मुख्य सचिवले कोभिड-१९ को नियन्त्रण, उपचार र नियन्त्रणमा सरकारका कामकारवाही एवम् प्रगतिको विवरण दैनिक रुपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रेस विज्ञप्ति मार्फत प्रकाशन गर्ने गरिएको तथ्य स्मरण गराउँदै यसबाट प्रेस जगत मार्फत आम जनतामा सरकारका कामकारवाहीको बिषयमा सुसूचित हुने हुँदा सबै सरोकारवाला मन्त्रालयहरूलाई यस सम्बन्धी प्रगति विवरण दैनिकरुपमा अनिवार्य उपलब्ध गराउन निर्देशन दिनुभएको छ। साथै, वेरुजु फछ्र्यौट, बजेट कार्यान्वयनको विवरण, आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रमको कार्ययोजना प्रस्तुति र कार्यसम्पादन सम्झौता समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको उच्च प्राथमिकतामा रहेकोले यसका लागि आवश्यक तयारी गर्न र सिंहदरबार प्रवेशको सुरक्षा व्यस्थापनलाई थप प्रभावकारी बनाउन समेत निर्देशन दिनुभएको छ ।

२०७८/०३/०९

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np